का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ मंसिर २०७९,
बिहीबार
24 November 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# काठमाडौंले रोजेको नयाँ अनुहार



यसपटक काठमाडौंका १० वटा निर्वाचन क्षेत्र मध्ये राष्ट्रिय स्वतन्त्र पार्टी एक्लैले ४ क्षेत्र जितेको छ । ५ क्षेत्रमा कांग्रेसका उम्मेदार विजयी हुँदा २ जना युवा नेता र नयाँ अनुहार आएका छन् ।

एड्स तथा यौन रोगबाट बच्न र बचाउन

- सुरक्षित यौन सम्पर्क गरौं ।
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं ।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एचआईभि. नियमित परीक्षण गरौं ।
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

७ मंसिर, काठमाडौं । काठमाडौं उपत्यकाभित्रका १५ वटा विर्नाचन क्षेत्र छ । यी अधिकांश क्षेत्रहरुमा हरेक चुनावमा स्थापित परम्परागत राजनीतिक दल र वैकल्पिक शक्तिबीच कडा टक्कर हुने गर्दछ ।

यसपटक पनि काठमाडौं नयाँ अनुहार खोजेन मात्रै, चुनावबाट बिलकुल नयाँ दल र नयाँ अनुहारलाई स्थापित गरिदिएको छ । काठमाडौं महानगरपालिकाको मेयरमा स्थापित दलका उम्मेदवार छाडेर स्वतन्त्र उम्मेदवार बालेन्द्र शाहलाई जिताएको काठमाडौंले यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीलाई दोस्रो ठूलो शक्तिको रुपमा स्थापित गरिदिएको छ ।

यसपटक काठमाडौंका १० वटा निर्वाचन क्षेत्र मध्ये राष्ट्रिय स्वतन्त्र पार्टी एक्लैले ४ क्षेत्र जितेको छ । ५ क्षेत्रमा कांग्रेसका उम्मेदार विजयी हुँदा एमाले आफ्नो विगतको बर्चस्व गुमाउँदै एउटा क्षेत्रमा सीमित हुन पुगेको छ ।

रास्वपाका उम्मेदवारहरु निर्वाचन क्षेत्र नं. २ बाट सोविता गौतम, क्षेत्र नं. ७ बाट गणेश पराजुली र क्षेत्र नं. ८ बाट विराजभक्त श्रेष्ठ निर्वाचित भएका छन् । क्षेत्र नं. ६ मा राष्ट्रिय स्वतन्त्र पार्टीकै शिशिर खनाल विजयी भएका छन् ।

काठमाडौं १ मा कांग्रेस नेता प्रकाशमान सिंहले चुनाव त जिते । तर, उनको प्रतिस्पर्धा परम्परागतभन्दा पनि वैकल्पिक शक्ति संघर्षबाट उदाएका नेताहरुसँग भयो । सिंहले एक सय २५ मतको अन्तरले मात्रै रवीन्द्र मिश्रलाई पराजित गरे । राप्रपाका उम्मेदवार भए पनि उनी विवेकशील साझा पार्टीबाट उदाएका थिए । उनीसँगै प्रतिस्पर्धा गर्ने पुकार बम र रमेश खरेल पनि वैकल्पिक शक्तिकै पर्याय हुन् ।

निर्वाचन क्षेत्र नं. १ बाट ०७४ कै प्रतिस्पर्धी मुख्य प्रतिस्पर्धामा देखिएका थिए । तर, ०७४ भन्दा भिन्नो मतान्तरमा कांग्रेसका प्रकाशमान विजयी भए । ०७४ मा ८१८ मतान्तरले रविन्द्र मिश्रलाई हराएका प्रकाशमान यसपटक १२५ मतान्तरले विजयी भएका छन् । प्रकाशमानले ७ हजार १४३ मत ल्याउँदा मिश्रले ७ हजार १८ मत पाए । राष्ट्रिय स्वतन्त्र पार्टीका पुकार बमले ४ हजार ११५, एमालेका किरण पौडेलले ३ हजार ५३२, नेपाल सुशासन पार्टीका रमेश प्रसाद खरेलले ३ हजार १२४ मत पाए ।

काठमाडौं २ मा एमालेका उम्मेदवार मणिराम फुँयाल, राप्रपाका कुन्तीदेवी पोखरेल, माओवादी केन्द्रकी उम्मेदवार ओनसरी घर्ती र राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार सोबिता गौतमबीच कडा प्रतिस्पर्धा भयो । तर, बाजी सोबिताले नै मारिन् । युवा नेतृ सोबिताले परम्परागत राजनीतिक दलका सबै प्रतिस्पर्धीलाई उछिनेर चुनाव जितेकी हुन् । उनी परम्परागत नभई वैकल्पिक शक्तिकी उम्मेदवार हुन् ।

सोविता गौतमलाई एमालेका उम्मेदवार मणिराम फुयालले पछ्याएका थिए । गौतम १५ हजार २२९ मत ल्याएर विजयी हुँदा फुयालले ११ हजार ५५५ मत पाए । यस क्षेत्रबाट राप्रपाकी उम्मेदवार कुन्तीदेवी पोखरेलले ११ हजार १४ मत प्राप्त गर्दा सत्ता गठबन्धनकी साझा उम्मेदवार पूर्वसभामुख ओनसरी घर्ती चौथो स्थानमा रहिन् । ओनसरीले ९ हजार ४४९ मत मात्र पाइन् ।

क्षेत्र नं. ७ को चुनावी परिणाम पनि रोचक छ । राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुलीले पुराना र स्थापित दलहरु मात्रै पछि पारेनन्, गठबन्धन बनाएर चुनाव लडेका दलका उम्मेदवारलाई समेत प्रतिस्पर्धामै आउन दिएनन् । ८ हजार ७४३ मत ल्याएर पराजुलीले जित निकाल्दा एमालेका श्याम कुमार घिमिरेले ६ हजार ८ सय मत पाए ।

पाँच दलीय सत्ता गठबन्धनकी उम्मेदवार मानुषीयमी भट्टराई (अस्मिता सिंह)ले ६ हजार ६३ मत ल्याइन् । जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार राजेन्द्र प्रसाद श्रेष्ठले जम्मा २ हजार ४६१ मत पाए । यसअघि एमालेबाट जितेका तर, यसपटक पार्टीले टिकट नदिएपछि स्वतन्त्र लडेका रामवीर मानन्धर प्रतिस्पर्धामै आउन सकेनन् । – बाँकी पृष्ठ २ मा

# समानुपातिकमा एमाले पहिलो

प्रत्यक्षतर्फ कांग्रेस अगाडि हुँदा समानुपातिकतर्फ एमाले अगाडि छ । समानुपातिमा तेस्रो स्थानमा राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा माओवादीबीच प्रतिस्पर्धा छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

जारी मतगणनामा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेस अगाडि



हुँदा समानुपातिकतर्फ नेकपा एमाले अगाडि छ । समानुपातिकतर्फ तेस्रो स्थानमा राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा माओवादीबीच प्रतिस्पर्धा छ ।

एमालेले तीन लाख मत कटाउँदा कांग्रेसको पौने दुई लाख मत छ । तेस्रो प्रतिस्पर्धा गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी र माओवादी केन्द्रको डेढ लाख मत छ । पाँचौं स्थानमा रहेको राप्रपाको करिब एक लाख मत छ भने जसपा र नेमकिपा ३० हजार वरिपरीको मत पाउन सफल भएका छन् । एकीकृत समाजवादी भने बुधबार बेलुकी १० बजेसम्म २० हजार कम मत पाएको छ । प्रत्यक्षतर्फ भने कांग्रेसले अग्रता लिइरहेको छ ।

३७ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रको परिणाम सार्वजनिक हुँदा सबैभन्दा धेरै काँग्रेसका १७ जना विजयी भएका छन् ।

दोस्रो स्थानमा रहेको नेकपा एमालेका ६, राष्ट्रिय स्वतन्त्र पार्टीका ४, माओवादी – बाँकी पृष्ठ २ मा

सम्भावित राजनीतिक समिकरण

# छरपस्ट शक्ति केन्द्र

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

गत मंसिर ४ मा भएको प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनको मतपरिणाम धमाधम बाहिरिदैं गर्दा संसद चल्न मुस्किल हुने टिप्पणी हुन थालेको छ । अघिल्लो निर्वाचनमा कांग्रेस र कम्युनिष्ट मात्रै हुँदा त संसद सहजै चल्न नसकेकोले यो पटक संसद झनै दलका प्रतिनिधिको दाउपेचको थलो बन्ने विज्ञहरुले बताउन थालेका हुन् ।

'सरकारलाई अघि बढ्न सघाउने डुंगा हो, संसद् । यसपालि अनेक विचारका सांसद् एउटै डुंगामा हुनेछन् । यिनीहरू संवाद गरेर अगाडि बढ्ने प्रशस्त आधार छ । तर, यिनीहरू कुन विचारबाट दिशानिर्देश हुन्छन् भन्नेले अहं भूमिका खेल्नेछ । संघीयता, धर्मनिरपेक्षता, गणतन्त्रको विपक्षमा 'विचार' राख्नेहरू एकै ठाउँमा उभिएर भने देश कता जान्छ, यसै भन्न सकिँदैन, विश्लेषक कृष्ण खनाल बताउँछन् । उनले 'खिचडी संसद्'ले जन्माउने सरकार कुन रंगको हुने हो भन्नै मुस्किल हुने बताएका छन् ।

उनीमात्रै होईन, अर्का विश्लेषक डा. राजेश अहिराज भन्छन्, 'यो 'खिचडी संसद्'ले जन्माउने सरकार कुन रंगको हुने हो, यसै भन्न सकिँदैन । सत्ता खिचातानीको भेडाचाल खेल भने राम्रैसँग चल्नेछ । यो खिचलोले अढाइ वर्षभित्रै मध्यावधि निर्वाचन हुनेतर्फ पनि शंका गर्न सकिन्छ।' राजनीति दुई पार्टी पद्धतिमा अघि नबढे र विदेशी हस्तक्षेप नरोकिए समस्या हुने आशंका समेत गरेका छन् ।

जनताले वर्षो जितेर पठाएका जनप्रतिनिधिले काम नगरेको भन्दै आक्रोश पोखेर नयाँ दललाई अवशर दिएपनि तत्कालै परिवर्तनको आश भने गर्न नसकिने धेरैको बुझाई छ । अझ निर्वाचित भएका पुराना दलका नेता पनि जनता सचेत भएसकेकाले अब सुध्रिनु जरुरी भएको स्वीकार गर्छन् ।

'जनता परिवर्तन र काम गर्ने नेतृत्वतिर ढल्किएको प्रस्ट भयो । जनताले विकास, रोजगारी, शिक्षा र स्वास्थ्यसँगै परिवर्तन आफ्नो निर्वाचनमा होस् भन्ने चाहना प्रस्ट राखेका छन् । अब हामीले यो कुरा निर्वाचनपछि मध्यनजरमा राखेर काम गर्नुपर्नेछ । अहिलेको निर्वाचनमा जनताले विकास र परिवर्तन खोजे' गुल्मीबाट निर्वाचित एमाले सांसद गोकर्ण विष्टले भने । उनले जनमतको कदर गरि निर्वाचन परिणाम स्वीकार गर्नुको विकल्प नरहेको पनि बताएका छन् । दुई वटा विचारको प्रतिनिधित्व गर्ने दल हुँदा त चल्न मुस्किल भएको संसद राजावादी, उदारवादी, प्रदेश विघटनका पक्षधर, मधेशलाई छुट्टै राज्यको माग गर्ने प्रतिनिधिहरु निर्वाचित भएपछि संसद दाउपेचको सिकार बन्नसक्ने आँकलन हुन थालेको हो ।

वैदेशिक रोजगार विशेष

# बहालवालासहित ५ पूर्व श्रममन्त्री प्रतिनिधिसभामा निर्वाचित



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ मंसिर

बहालवाला श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरसहित २०६२/०६३ पछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्हालेका चार जना पूर्व श्रममन्त्रीहरु यसपटक प्रतिनिधिसभाका लागि निर्वाचित भएका छन् ।

बहालवाला श्रममन्त्री कुँवर अछाम क्षेत्र नं १ बाट नेकपा एमालेका उम्मेदवार झपट बोहरालाई हराउँदै प्रतिनिधिसभाका लागि निर्वाचित भए । नेकपा एकिकृत समाजवादीका केन्द्रीय सदस्य रहेका कुँवरले निकटतम प्रतिस्पर्धी बोहरालाई ४ हजार ४ सय बढी मतले हराए । मन्त्री कुँवर १९ हजार ५ सय ३४ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिस्पर्धी बोहराले १५ हजार ४५ ल्याए ।

यस्तै निवर्तमान श्रममन्त्री कृष्ण कुमार श्रेष्ठ बारा ४ बाट निर्वाचित भएका छन् । श्रेष्ठले निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका एकवाल मियाँलाई पराजित गरी विजयी भएका हुन् । – बाँकी पृष्ठ २ मा

## दूतावासको घुम्ती टोली माल्टा आउँदै

**कुमार पौडेल/मध्यान्ह**
माल्टा, ७ मंसिर

बेलायतस्थित नेपाली दूतावासले आयरल्याण्ड र माल्टामा बसोवास गर्ने नेपालीलाई आगामी नोभेम्बर २५ भित्र राहदानीको म्याद थपका लागि फारम भरेर बुझाउन अपिल गरेको छ ।

दूतावासले २०२३ अप्रिलभन्दा अगाडि म्याद सकिन लागेका पासपोर्ट वाहकको सहजताका लागि निवेदन माग गरेको हो । राहदानी विभागले मेसिन रिडेवल पासपोर्टको सट्टामा ई-पासपोर्ट जारी गर्न शुरु गरेकाले मिति सकिएका नेपालीले राहदानी फारम भरेर बुझाउन राजदूतावासले अपिल गरेको छ । आवेदनहरु लिनका लागि नेपाली राजदूतावास लण्डनको टोली घुम्ती शिविरका लागि माल्टा आउने भएको छ । दूतावासले मिति सकिने पुरानो पासपोर्ट वाहकलाई शिविरमा पुगेर नाम टिपाउन आग्रह गरेको छ । माल्टाको लागि नमस्ते नेपाल मिनि मार्केटको कार्यलयमा स्थानीय समय अनुसार बिहान एघार बजेदेखि साँझ सात बजेसम्म सेवा दिने बताएको छ । जसका लागि आवेदकले नेपाली नागरिकताको प्रतिलिपि, सेतो पृष्ठभूमिमा खिचिएको चार प्रति एमआरपी फोटो र सक्कली राहदानी आवश्यक पर्ने दूतावासले जनाएको छ । – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

# बाजुराका १७ वटा केन्द्रमा पुन: मतदानको माग

**काठमाडौं/मस–** गत आइतबार सम्पन्न भएको निर्वाचनको नतिजा क्रमश आउँने क्रममा छ । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ । तर बाजुरा घटनाले गर्दा निर्वाचन शान्तिपूण रुपमा सम्पन्न हुन नसकेको संकेत गर्छ ।



जिल्लामा निर्वाचन सम्पन्न भएका १७ वटा मतदान केन्द्रमा पुन मतदानको माग हुँदै आएको छ । यसका साथै छुट्टाछुट्टै घटनामा मृत्यु भएका दुई जनाको परिवारलाई उचित क्षतिपूर्ती र दोषीलाई कारबाहीको माग गर्दै बाजुरामा निरन्तर बन्द तथा हड्ताल हुँदै आएको छ । 'घटनाका दोषीलाई तत्काल पक्राउ गरे कारबाही प्रक्रिया अगाडि बढाउने र कानून वितरीत भएका मतदान केन्द्रमा पुनः मतदानको व्यवस्था गर्नुपर्ने हाम्रो माग हो ।' नेकपा एमालेका उम्मेदवार कर्ण बहादुर थापाले भने । 'निर्वाचनका क्रममा १७ वटा मतदान केन्द्रमा सत्ता गठबन्धले बुथ कब्जा गरेको छ, ती स्थानमा पुनः मतदान गर्नुपर्ने हाम्रो माग हो । जसका लागि निर्वाचन आयोगले छानविन समिति बनाएको छ भन्ने मैले सुनेको छु । त्यो छानविन समितिले जिल्लामा आएर सत्यतथ्य बुझेर निर्णय गर्ला' उम्मेदवार थापाले भने । आइतबार स्थगित भएको एउटा मतदान केन्द्रमा भने मंसिर १० गते पुनः मतदान गर्ने निर्णय भएको छ ।

### आफन्तले शव बुझेनन्

त्रिवेणी नगरपालिका ७ मा सुरक्षाकर्मीको गोली लागेर मृत्यु भएका सञ्जिव अयडि र नेपाली कांग्रेसका कार्यकर्ताको कुटपिटपछि मुत्यु भएका चेतन अयडिको शव आफन्तले बुझेका छैनन् । घटनालाई लिएर बाजुरा तीन दिनदेखि अस्तव्यस्त बनेको छ । हत्यामा संलग्नलाई प्रक्राउ नगर्दासम्म शव नबुझने आफन्तले अडान राखेका छन् ।

घटनाको सत्यतथ्य छानबिनसँगै क्षतिपूर्तीको माग गरेका छन् । अनेरास्ववियु नेता अयडिको हत्यामा संलग्नलाई कारबाही माग गर्दै अनेरास्वीयु बाजुराले तीन दिनदेखि बजार बन्द गराइरहेको छ । सदरमुकाम मार्तडी, कोल्टि लगायतका बजार, यातायात, शैक्षिक संस्था, कार्यलय बन्द रहेका छन् । अयडीको विभत्स हत्या गरेको भन्दै जिल्ला प्रहरी कार्यलय बाजुरामा उनका आफन्तले २२ जनाविरुद्ध किटानी जाहेरी दिएका छन् ।

### प्रजिअ र सुरक्षा अधिकृतहरूमाथि दुर्व्यवहार

बाजुरामा प्रमुख जिल्ला अधिकारी र सुरक्षा अधिकृतहरूमाथि आन्दोलनकारीले दुर्व्यवहार गरेका छन् । जिल्ला सदरमुकामको लोकतान्त्रिक चोकमा सर्वदलीय बैठकबाट फर्किंदै गरेका प्रजिअ प्रकाशचन्द्र अधिकारी, मुख्य निर्वाचन अधिकृत र सुरक्षा प्रमुखहरुलाई अनेरास्ववियुका कार्यकर्ताले टायर बालेर निस्केको खरानी फालेर दुर्व्यवहार गरेका हुन् । आन्दोलनकारीले प्रजिअसहित सुरक्षा अधिकारीहरूलाई दुर्व्यवहार गरेको बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रबहादुर विष्टले जानकारी दिए । कोणसभा सकिएपछि बैठकबाट आउँदै गरेका मुख्य निर्वाचन अधिकृत, नेपाल प्रहरीका एसपी भीम किरण बोगटी, सशस्त्र प्रहरीका एसपी वीरेन्द्रबहादुर ऐर, बाजुराका डीएसपी चतुर्भुज ओझा लगायतलाई आन्दोलनकारीले ढुंगामुढाको प्रयास गरेका छन् ।

# जीप दुर्घटनामा ६ जनाको मृत्यु



**काठमाडौं/मस–** गुल्मीको सत्यवती गाउँपालिकामा जीप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । दुर्घटनामा चार जना घाइते भएका छन् । गुल्मीको रिडीबाट सत्यवती गाउँपालिका-३ का लागि छुटेको लु २ च ५३४० नम्बरको जीप कुटडाँडा भन्ने स्थानमा दुर्घटनामा परेको थियो ।

दुर्घटनामा परी सत्यवती गाउँपालिका-३ का ५१ वर्षीय झलक सोमै, ५५ वर्षीया टीका राहडी, ४७ वर्षीय रनबहादुर सिंजापती, ३० वर्षीय मिलन तरामु र ४३ वर्षीया जमुना सोमै रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक माधवराज खरेलले जानकारी दिए ।

जीप दुर्घटनामा परी घाइते हुनेमा सोही ठाउँका कार्बोलिन सोमै, चेतमान सिंजाली, गीरबहादुर राहडी र खण्डन सोमै छन् । दुर्घटना भएको जानकारी पाएपछि स्थानीयले उद्धार गरेका थिए । घटनाको जानकारी पाएपछि रिडी र जोहाङबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । जीपको ब्रेक फेल भएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

यस्तै, मकवानपुरको कुलेखानीमा जीप दुर्घटनामा एक जनाको मृत्यु भएको छ । हेटौंडा-कुलेखानी-काठमाडौं सडकखण्डको इन्द्रसरोबर गाउँपालिका-२ सल्लेरी खोल्चामा बुधबार वीरगञ्जबाट काठमाडौंका लागि छुटेको ना १ ज ४४४६ नम्बरको सुमो जीप ब्रेक फेल भएर सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना हुँदा घटनास्थलमा एक जनाको मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय भीमफेदीले दिएको जानकारीअनुसार घाइतेहरुको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । मृतकको सनाखत हुँन नसकेको प्रहरीले जनाएको छ ।

# उत्कृष्ट १६ करदाता सम्मानित




**काठमाडौं/मस–** आन्तरिक राजस्व विभागले उत्कृष्ट १६ करदातालाई सम्मानित गरेको छ । साताव्यापीरूपमा मनाइएको राष्ट्रिय कर दिवस २०७९ का अवसरमा विभागले उनीहरूलाई सम्मानित गरेको हो ।

विभागका अनुसार गत वर्षको उत्कृष्ट करदाताका रूपमा व्यक्तिगत आयकरतर्फ विजयकुमार शाह सम्मानित भएका छन् । संस्थागततर्फ सबैभन्दा बढी आयकर नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले दाखिला गरेको विभागले जनाएको छ ।

त्यस्तै, निर्यात कारोबारबाट बढी आयकर तिर्नेमा श्री शिव शक्ति घ्यु उद्योग प्रालि, विशेष उद्योगतर्फ राजेश मेटल क्राफ्ट प्रालि र कृषि एवं पशुपक्षीजन्य उद्योगमध्ये ओसिबी फुड्स एण्ड फिड्स प्रालिलाई सम्मानित गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाको कारोबार गर्ने संस्थामध्ये नबिल बैंक लिमिटेड, बिमा व्यवसायमध्ये नेपाल पुनःबिमा कम्पनी लिमिटेड, स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक संस्थामध्ये नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रालि र पर्यटन व्यवसायमध्ये मनकामना दर्शन प्रालिलाई सम्मानित गरिएको विभागले जनाएको छ ।

त्यसैगरी वस्तु तथा व्यापारको कारोबारमध्ये हंसराज हुलासचन्द एण्ड कम्पनी लिमिटेड, मध्यमस्तरीय करदातामध्ये नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, ऊर्जामूलक उद्योगमध्ये चिलिमे जलविद्युत् कम्पनी लिमिटेड, रेमिटेन्स तथा मनि ट्रान्सफरमध्ये आइएमई लिमिटेड र सबैभन्दा बढी कूल आन्तरिक राजस्व दाखिला गर्नेमा सूर्य नेपाल प्रालिलाई सम्मानित गरिएको हो ।

विसं २०६७ देखि २०७९ असारसम्मको कर अवधिमा मूल्य अभिवृद्धि कर विवरण र सोबमोजिमको कर समयमै दाखिला गरी नियमित कर सहभागिता जनाएका करदातामध्ये सबैभन्दा बढी मूल्यअभिवृद्धि कर दाखिला गरेको कम्पनीका रूपमा गोर्खा ब्रुअरी प्रालिलाई सम्मानित गरिएको छ ।

विभागले कर दिवसका अवसरमा १० जना कर्मचारीलाई पनि सम्मानित गरेको छ । आन्तरिक राजस्व विभागले हरेक वर्ष मङ्सिर १ गते राष्ट्रिय कर दिवस मनाउँदै आएको छ भने सोही दिन उत्कृष्ट करदातालाई पनि सम्मानित गर्दै आएको छ । यस वर्ष चुनाव आचारसंहिता लागू भएका कारण विभागले सम्मान वितरण कार्यक्रम बुधबार राखेको हो ।

विभागअन्तर्गत ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता कार्यालयसमेत गरी जम्मा ८४ वटा कार्यालय रहेका छन् । यस वर्षको कर दिवसको नारा 'स्वेच्छिक सहभागितासहितको फराकिलो कराधार : दिगो र उत्पादनमुखी अर्थतन्त्रको आधार' रहेको छ ।

विभागका अनुसार गत असार मसान्तसम्ममा व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाताको संख्या ४८ लाख १२ हजार सात सय १७ पुगेको छ । विसं २०७८ असार मसान्तसम्ममा यस्तो संख्या ४० लाख ४९ हजार एक सय नौ रहेको थियो । अर्थात् गत आर्थिक वर्ष २०७८/७९ मा मात्रै सात लाख ६३ हजार छ सय आठ करदाता थपिएका छन् । अब व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको संख्या १७ लाख ६२ हजार चार सय १३ पुगेको छ भने व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ ३० लाख ५० हजार तीन सय चार करदाता रहेका छन् ।

गत आर्थिक वर्षमा व्यावसायिक स्थायी लेखा नम्बर (बी-पान) तर्फ दुई लाख ११ हजार आठ सय ६६ करदाता र व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ पाँच लाख ९६ हजार तीन सय ७२ करदातालाई करको दायरामा ल्याइएको विभागले जनाएको छ । सरकारको गत आर्थिक वर्षमा कूल राजस्व संकलन रु १० खर्ब ६७ अर्ब ९५ करोड रहेको थियो । जसमा आन्तरिक राजस्वको हिस्सा मात्रै ४४ प्रतिशत बराबर रहेको छ । आन्तरिकतर्फ रु पाँच खर्ब ३७ अर्ब ९४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य सरकारको रहेकामा रु चार खर्ब ८३ अर्ब ४८ करोड असुली भएको थियो । जुन वार्षिक लक्ष्यको ८९ दशमलव ८८ प्रतिशत बराबर हो । यद्यपि, अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षको राजस्व वृद्धिदर १२ दशमलव ५९ प्रतिशतले बढी हो ।

गत आर्थिक वर्षमा आन्तरिक राजस्वको शीर्षकगत असुलीको प्रतिशत हेर्दा सबैभन्दा बढी आयकरको ४७ दशमलव ४२ प्रतिशत योगदान रहेको छ । त्यस्तै मूल्य अभिवृद्धि करको योगदान २३ दशमलव ९६ प्रतिशत र अन्तःशुल्कको योगदान २१ दशमलव ३० प्रतिशत रहेको छ । ब्याज करको योगदान पाँच दशमलव ११ प्रतिशत छ भने बहाल करको योगदान शून्य दशमलव ६४ प्रतिशत रहेको छ । स्वास्थ्य सेवा करको अंश एक दशमलव ३० प्रतिशत र शिक्षा शुल्क कर शून्य दशमलव २६ प्रतिशत रहेको छ ।

गत आर्थिक वर्षमा ठूला करदाता कार्यालयबाट ३८ प्रतिशत, मध्यमस्तरीय करदाता कार्यालयबाट छ प्रतिशत तथा आन्तरिक राजस्व कार्यालयबाट ५६ प्रतिशत आन्तरिक राजस्व संकलन भएको विभागले जनाएको छ ।

त्यसैगरी गत आर्थिक वर्षको अनुमानित राष्ट्रिय कूल गार्हस्थ्य उत्पादन (उत्पादन मूल्यमा) रु ४८ खर्ब ५१ अर्ब ६२ करोडसँगको तुलनामा कर राजस्वको योगदान २० दशमलव २९ प्रतिशत रहेको छ । जसमा मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्कको अनुपात क्रमशः छ दशमलव ४८ प्रतिशत, पाँच दशमलव ३६ प्रतिशत, पाँच दशमलव ३६ प्रतिशत र तीन दशमलव ४४ प्रतिशत रहेको छ ।

# डेढ घण्टा हिंँडेर विद्यालय जान बाध्य विद्यार्थी

सुशीला रेग्मी/मध्यान्ह
पाल्पा, ७ मंसिर

निस्दी गाउँपालिका-४ भिरपानीका राजकुमार परियार गौरीशंकर मावि मित्यालमा कक्षा १० मा अध्ययन गर्छन् । उनी गाउँदेखि करिब डेढ घण्टा बढीको पैदल हिँडेर विद्यालय पुग्नुपर्दा समस्या भएको गुनासो पोख्छन् । गाउँमै मावि तहसम्मको विद्यालय नभएपछि डेढ घण्टाभन्दा बढी (एकतर्फी) हिँडेर स्कुल पुग्न उनलाई सहज छैन । गाउँमै रहेको गोरखनाथ आधार भूत विद्यालयमा कक्षा ८ सम्मको शिक्षा लिनुभएका उनी कक्षा ९ देखि माथिल्लो तहको शिक्षा लिन दैनिक डेढ घण्टा हिँड्छन् । दैनिक आउन जान गरेर तीन घण्टा पैदलमै खर्चिनुपर्दा विद्यालय समयबाहेक अन्य समय पढाइमा खर्चन नपाएको विद्यार्थी परियारको गुनासो छ । 'गाउँमा मावि तहसम्म पढ्ने विद्यालय या टाढाको विद्यालयमा जान स्कुल बसको व्यवस्था भए सहज हुन्थ्यो', उनले भने, 'लामो समय हिँडेर विद्यालय पुग्दा थकाइ लाग्छ र पढाइमा धेरै समय दिन सकिँदैन, गाउँमै सहजरूपमा पढ्ने व्यवस्था हुनुपर्‍यो' ।



उनी घरबाट बिहान ८ बजे निस्कने र ४ बजे स्कुल छुट्टी भएर साँझ ६ बजे मात्रै घरमा पुग्छन् । ट्युसन पढ्ने समयमा बिहान ५ बजे नै घरबाट निस्कनुपर्दा जाडोयाममा विद्यालय पुग्न गाउँको बाटो, जङ्गली जनावरको भय र जोखिम मोलेर जानुपरेको उनले बताए । आधारभूत तहको शिक्षा गाउँमै पढ्ने व्यवस्था भए पनि माथिल्लो तहको शिक्षा लिन यहाँका विद्यार्थीलाई अन्यत्र घण्टौं हिडेर जानुपर्दा निकै समस्या छ ।

भिरपानीमा आधारभूत तहसम्म अध्ययन सकाएपछि यहाँका विद्यार्थीलाई माथिल्लो तहको शिक्षा लिन निकै पिरलो पर्छ । यहाँका विद्यार्थी मित्यालको गौरीशंकर मावि र धिर्जेमा रहेको जनप्रिय माविमा दैनिक डेढदेखि दुई घण्टा हिँडेर पढ्न जाने गरेको जनकल्याण आधारभूत विद्यालय खोप्लाकका शिक्षक धनबहादुर ठाडाले बताए ।

'भिरपानी र धिर्जे दुई ठाउँमै बसोबास गर्ने परिवारका बालबालिका आधारभूत तह उर्त्तीण पश्चात् तल बेँसीमा झरेर पढ्ने गर्छन्, बेँसीमा बसोबास नहुने बालबालिका गौरीशंकर माविमै अध्ययनका लागि पुग्दछन्', उनले भने ।

भिरपानीकै शर्मिला जर्घा गौरीशंकर माविमै कक्षा १२ मा अध्ययनरत छात्रा हुन् । गाउँका करिब एक दर्जन बढी विद्यार्थी उच्च शिक्षा अध्ययनका लागि डेढ घण्टाभन्दा बढीको बाटो हिँडेर विद्यालय पुग्ने गरेको उनी बताउछिन् । आधारभूत तहसम्मको शिक्षा गाउँमै लिएकी उनी कक्षा ९ र १० सम्मको शिक्षा तल बेँसीमा रहेको जनप्रिय माविमा लिएको बताउछिन् ।

'गाउँमा राम्रो पढ्ने विद्यालय नहुँदा हामीले विभिन्न विद्यालयमा धाउनुपरेको छ, किताब कापी बोकेर दैनिक घण्टौं समय लगाएर विद्यालय गई घर फर्कदा थकाइले पढाएको कुरा नै झट्ट सम्झन सकिँदैन, हामीलाई गाउँमै बसेर पढ्ने वातावरण सम्बन्धित निकायले मिलाइदिनुपर्‍यो', उनले भनिन् ।

घरमा कहिलेकाहीँ कामको चटारो हुँदा सहयोग गर्नुपर्ने अवस्थामा टाढा विद्यालय भएकाले कक्षा छाडेर बस्नुपर्ने बताउछिन्, कक्षा १२ मा अध्ययनरत अस्मिता सोमै । विद्यालय टाढा हुँदा सधैं विद्यालय आउने जाने कुराले नै चिन्तित बनाउने गरेको तिलमाया दर्जीको गुनासो छ ।

पढेर ठूलो मान्छे बन्ने सुन्दर सपना बोकेका विद्यार्थीहरू गाउँमै व्यवस्थितरूपमा उच्च शिक्षामा राज्यले लगानी गरिदिए विद्यालय आउनजान लाग्ने समय पढाइमा खर्च गर्न पाउने बताउँछन् ।

निस्दी गाउँपालिकाका शिक्षा शाखा प्रमुख नरबहादुर थापाले कक्षा थप गर्ने कुरा उठिरहे पनि ग्रामीण भेगमा विद्यार्थी संख्या न्यून हुने भएकाले प्रक्रिया अगाडि बढ्न नसकेको बताउछन् । उनका अनुसार निस्दीभित्रका विद्यालयमा चलेका ९ देखि १२ कक्षासम्म न्यूनतम १८ देखि बढीमा ४० जनासम्म मात्रै विद्यार्थी भर्ना हुने गरेका छन् ।

निस्दीकै वडा नं १ मा रहेको एकमात्र मावि तहको विद्यालय राधाकृष्ण माविमा भोटाहा क्षेत्रका विद्यार्थी करिब डेढ घण्टा, २ को अंशुबर्मा मावि र बालहित माविमा सेरडाँडाका विद्यार्थी करिब ४५ मिनेट, वडा नं ४ को गौरीशंकर माविमा भिरपानी, लामेदमार, मुढाबास क्षेत्रका विद्यार्थी डेढदेखि दुई घण्टाको दूरी हिँडेर विद्यालय जान बाध्य छन् । निस्दी गाउँपालिकामा माविस्तरीय १२, आधारभूतस्तरीय १३ र प्राविस्तरीय २८ गरी जम्मा ५३ वटा सामुदायिक विद्यालय छन् ।

### काठमाडौंले...

क्षेत्र नं. ८ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका विराजभक्त श्रेष्ठ निर्वाचित भएका छन् । श्रेष्ठसँग प्रतिस्पर्धामा स्थापित दलहरु आउनै सकेनन् । १० हजार १०५ मत ल्याएर विराजभक्त विजयी हुँदा हाम्रो नेपाली पार्टीका सुमन सायमीले ६ हजार १७४ मत ल्याएर दोस्रो भए ।

पर्यटनमन्त्री समेत रहेका नेकपा एकीकृत समाजवादीका जीवनराम श्रेष्ठ तेस्रो भए । उनले जम्मा ४ हजार २६६ मत पाएका छन् । यस क्षेत्रमा एमालेका उम्मेदवार शिव सुन्दर राजवैद्य प्रतिस्पर्धामै देखिन सकेनन् ।

ललितपुर-३ बाट चुनावी मैदानमा उत्रिएकी डा. तोसिका कार्मी निरन्तर अगाडि छिन् । उनका निकटतम प्रतिद्वन्द्वी एमाले उम्मेदवार अमृत खड्काले ६ हजार ६ सय ४३ मत ल्याएका छन् । सोही क्षेत्रबाट प्रतिस्पर्धामा रहेकी ऊर्जामन्त्री पम्पा भुसालले तीन हजार सात सय ५० मत ल्याएर तेस्रो स्थानमा छिन् । डा. तोसिमा पनि वैकल्पिक शक्तिकै उम्मेदवार हुन् ।

रास्वपासँगै उपत्यकाभित्र साझा पार्टी नेपाल, हाम्रो पार्टी नेपाल, नेपाल सुशासन पार्टी चुनावी प्रतिस्पर्धामा देखिए । उनीहरू सबै परम्परागत राजनीतिक दल भई भर्खर जन्मिएका नयाँ शक्ति थिए । जसले परम्परागत शक्तिलाई कडा ठक्कर दिइरहेको देखिएको छ ।

### समानुपातिकमा...

केन्द्रका ३, नेकपा (एकीकृत समाजवादी)को २ तथा राप्रपा, जसपा, लोसपा, नागरिक उन्मुक्ति पार्टीबाट १-१ जना विजयी भएका छन् भने १ जना स्वतन्त्र उम्मेदवारले विजय प्राप्त गरेका छन् ।

काँग्रेसबाट विजयी उम्मदेवारहरुमा रामहरि खतिवडा (ओखलढुंगा), विश्वप्रकाश शर्मा (झापा १), ३) अजयकुमार चौरसिया (पर्सा २), ४) रमेश रिजाल (पर्सा ४), प्रकाशमान सिंह (काठमाडौं १), सन्तोष चालिसे (काठमाडौं ३), गगनकुमार थापा (काठमाडौं ४), प्रदीप पौडेल (काठमाडौं ५), राजेन्द्रकुमार केसी (काठमाडौं १०), मोहन आचार्य (रसुवा १), उदयशमशेर जबरा (ललितपुर १), शंकर भण्डारी (तनहुँ २), टेकबहादुर गुरुङ (मनाङ), योगेश गौचन थकाली (मुस्ताङ), हृदयराम थानी (सुर्खेत २), पुष्पबहादुर शाह (अछाम २) र शेरबहादुर देउवा (डडेलधुरा १) छन् ।

एमालेबाट विजयी उम्मदेवारहरुमा अम्बरबहादुर रायमाझी (उदयपुर २), केपी शर्मा ओली (झापा ५), योगेशकुमार भट्टराई (ताप्लेजुङ), कृष्णगोपाल श्रेष्ठ (काठमाडौं ९), प्रेमबहादुर महर्जन (ललितपुर २) र गोकर्णराज विष्ट (गुल्मी २) छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी उम्मदेवारहरुमा सोविता गौतम (काठमाडौं २), शिशिर खनाल (काठमाडौं ६), गणेश पराजुली (काठमाडौं ७) र विराजभक्त श्रेष्ठ (काठमाडौं ८) छन् ।

माओवादी केन्द्रबाट विजयी उम्मेदवार हरुमा लेखनाथ दाहाल (सिन्धुली २), देबेन्द्र पौडेल (बाग्लुङ २) र पूर्णबहादुर घर्ती मगर (रुकुम पूर्व) रहेका छन् ।

एकीकृत समाजवादीबाट विजयी उम्मदेवारहरुमा कृष्णकुमार श्रेष्ठ (बारा ४) र शेरबहादुर कुँबर (अछाम १) छन् ।

जसपाबाट प्रदीप यादव (पर्सा १) विजयी भएका छने् । राप्रपाबाट धवलशमशेर जबरा (बाँके २) विजयी भएका छन् । लोसपाबाट सर्वेन्द्रनाथ शुक्ला (रुपन्देही ४) विजयी हुँदा नागरिक उन्मुक्ति पार्टीबाट गंगाराम चौधरी (कैलाली ३) विजयी भएका छन् । स्वतन्त्र उम्मेदवार लालविर चौधरी (बर्दिया २) पनि प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

### बहालवालासहित...

निवर्तमान मन्त्री श्रेष्ठले २० हजार २ सय ९१ मत ल्याउँदा मियाँले १३ हजार ८ सय ६३ मत प्राप्त गरे । श्रेष्ठ यसअघि तनहुँबाट नेकपा एमालेबाट निर्वाचित भएका थिए । गठबन्धनका कारणले त्यहाँ नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेललाई छाडेर नयाँ निर्वाचन क्षेत्रमा जाँदा पनि श्रेष्ठ अब्बल देखिए ।

त्यस्तै पूर्व श्रममन्त्री रमेश लेखक सुदूरपश्चिम प्रदेशको कञ्चनपुर क्षेत्र नं ३ बाट निर्वाचित भएका छन् । नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका पूर्वमन्त्री लेखकले ३० हजार ५२३ मत प्राप्त गरे । उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी निरुदेवी पालले १८ हजार ४४८ मत पाइन् ।

यसैगरी पूर्व श्रममन्त्री एवं एमाले सचिव गोकर्ण विष्ट गुल्मी क्षेत्र नं २ बाट नेकपा (एकीकृत समाजवादी)की रामकुमारी झाँक्रीलाई दुई हजार बढी मतान्तरले हराएर विजयी भएका छन् । विष्टले २८ हजार ४ सय ७६ मत प्राप्त गरे भने झाँक्रीले २६ हजार ४ सय ४२ मत प्राप्त गरिन् ।

यस्तै पूर्व श्रम राज्यमन्त्री एवं नेपाली कांग्रेसका नेता टेकबहादुर गुरुङ मनाङबाट निर्वाचित भएका छन् । उनले नेकपा एमालेका उम्मेदवार पोल्देन छोपाङ गुरुङलाई पराजित गरे । गुरूङले २ हजार २५ मत प्राप्त गरे भने पोल्देनले १ हजार ८ सय ३० मत प्राप्त गरे ।

यता कैलाली ३ बाट चुनाव लडेका पूर्व श्रममन्त्री गौरीशंकर चौधरी नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरीसँग पराजित भए । चौधरीले ९ हजार ८ सय ७४ मत प्राप्त गर्दा नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरीले २३ हजार १ सय २० मत प्राप्त गरे ।

पूर्व श्रममन्त्री एवं राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) उम्मेदवार दीपक बोहोरा रुपन्देही ३ बाट प्रतिस्पर्धामा छन् । गृहमन्त्री बालकृष्ण खाँणसँग नेकपा एमालेको तालमेलमा प्रतिस्पर्धामा रहेका बोहोरा दोस्रो स्थानमा छन् ।

यसैगरी पूर्व श्रममन्त्री लेखराज भट्ट पनि पराजित भएका छन् । कैलाली-४ बाट एमाले उम्मेदवार बनेका भट्ट नेपाली कांग्रेसका बिरबहादुर बलायरसँग निकटम प्रतिस्पर्धीका रुपमा पराजित बनेका हुन् ।

### दूतावासको...

स्रोतका अनुसार लागत एकसय दस पाउण्ड अर्थात झण्डै एकसय अट्ठाईस युरो खर्च लाग्ने बुझिएको छ । सो रकम बैकमा डिपोजिट गरि भौचर लिएर सेवा लिन आउन दूतावासले आग्रह गरेको छ ।

# चौथोपटक विजयी विष्ट

## झाँक्रीले दिइन् बधाई, जिल्ला अध्यक्षले दिए राजीनामा

**काठमाडौं/मस–** प्रतिनिधिसभा सदस्य निर्वाचनमा गुल्मी-२ बाट एमाले सचिव गोकर्ण विष्ट विजयी भएका छन् । विष्टले २८ हजार ४७६ मत प्राप्त गरि विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी गठबन्धनकी साझा उम्मेदवार एकीकृत समाजवादीकी सचिव रामकुमारी झाँक्रीले २६ हजार ४४२ मत प्राप्त गरेकी छन् ।

गुल्मीबाट विष्ट चौथो पटक निर्वाचित भएका हुन् । २०५६ यता ५ वटा निर्वाचन लडेका विष्ट २०६४ मा पराजित भएका थिए ।

गुल्मीको इस्मामा जन्मिएका विष्ट २०३६ सालको विद्यार्थी आन्दोलनबाट राजनीतिमा होमिएका हुन् । उनी गुल्मी अनेरास्ववियु अध्यक्ष हुँदै २०५६ सालमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघको अध्यक्ष बनेका थिए ।

२०६५ मा एमालेको केन्द्रिय सदस्य भएका उनी २०७१ मा केन्द्रीय सचिव भए । हाल उनी एमाले सचिव छन् ।

कानुन र व्यवस्थापनमा स्नातक विष्ट एमाले सरकारमा छँदा विगतमा दुईपटक मन्त्री भएका थिए । उनी ऊर्जा र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री भइसकेका हुन् ।



**"डिपोलिटिसाइजेसन" बुझ्ने अवसर दियो : झाँक्री**

पराजित एकीकृत समाजवादीकी सचिव रामकुमारी झाँक्रीले चुनावले आफूलाई समाजमा भएको राजनीतिको गलत प्रयोग बुझ्ने अवसर मिलेको बताएकी छन् । उनले गुल्मी-२ बाट निर्वाचित एमालेका सचिव गोकर्ण विष्टलाई बधाई तथा शुभकामना पनि दिएकी छन् । निर्वाचन अभियानले आफूलाई समाजको पिँधसम्म पुग्ने मौका मिलेको भन्दै झाँक्रीले समाजमा राजनीतिले पारेको प्रभाव बुझ्ने ठूलो मौका मिलेको बताइन् ।

'यो निर्वाचन मेरो लागि अत्यन्तै रोमाञ्चक रह्यो । ज्ञानको हिसाबले कुनै प्रसिद्ध विश्वविद्यालयमा पढेभन्दा बढी समाज र सामाजिक जीवनका थुप्रै पक्षको बारेमा, समाजको पिँधसम्म पुगेर हेर्ने, बुझ्ने, जान्ने मौका पाएँ,' निर्वाचन परिणाम स्वीकार गर्दै उनले लेखेकी छन्, 'यो साढे दुई दशकमा समाजलाई जसरी 'डिपोलिटिसाइजेसन' (एक प्रकारको गलत प्रयोग) गरिएको रहेछ नि! त्योचाहिँ लोकतन्त्रका लागि गम्भीर छ, डर लाग्दो छ ।'

एकीकृत समाजवादीकी सचिव झाँक्रीले निर्वाचनमा जय र पराजय सामान्य प्रक्रिया भएको बताएकी छन् ।

उनले भनेकी छन्, 'मेरो पक्षमा हजारौं मतदाताले आफ्नो अभिमत दिनुभएको छ, यसप्रति म सधैं ऋणी हुनेछु । गुल्मी-२ बाट निर्वाचित विष्टलाई बधाई दिँदै उनले गुल्मी जिल्लाको समग्र विकास र समृद्धिको यात्रामा साथमा रहने बताएकी छन् ।'

**जिल्ला अध्यक्ष महतले दिए राजीनामा**

गुल्मी क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा नेकपा एकीकृत समाजवादीकी उम्मेदवार रामकुमारी झाँक्रीलाई जिताउन नसकेको भन्दै जिल्ला अध्यक्षले राजीनामा दिएका छन् ।

एकीकृत समाजवादीका गुल्मी जिल्ला अध्यक्ष श्रीराम महतले झाँक्री पराजयको नैतिक जिम्मेवारी लिँदै अध्यक्ष पदबाट राजीनामा दिएको घोषणा गरेका हुन् । झाँक्री एमालेका गोकर्ण विष्टसँग पराजित भएपछि सामाजिक सञ्जाल फेसबुकबाट राजीनामा दिएको घोषणा गरेका हुन् ।

गुल्मी क्षेत्र नम्बर २ मा भएको पराजयको नैतिक जिम्मेवारी लिँदै पार्टी अध्यक्ष पदबाट राजीनामा गरेको जानकारी गराउँछु' महतले उल्लेख गरेका छन् ।

# मूलधारको राजनीतिमा "युटर्न" डा.राउतको संसद यात्रा



**सप्तरी/रासस–** विखण्डनको मुद्दा छाडेर मूलधारको राजनीतिमा फर्किएका जनमत पार्टीका अध्यक्ष डा.सिके राउत (चन्द्रकान्त राउत) प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । अघिल्लो सरकारसँग सम्झौता गरी मूलधारको राजनीतिमा युटर्न भएका डा.राउतको पहिलोपटक जनप्रतिनिधिको रुपमा संसद् भवनमा प्रवेश पाएका हुन् । डा.राउतले जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई १८ हजारभन्दा बढी मतान्तरले पराजित गर्दै सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

मतगणनाको अन्तिम परिणामअनुसार डा.राउतले ३५ हजार ४२ मतसहित निर्वाचित हुँदा यादवले १६ हजार नौ सय ७९ मत प्राप्त गरेका मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिए । सत्तारुढ पाँच दलीय गठबन्धनका साझा उम्मेदवार लोसपाका नेता जयप्रकाश ठाकुरले भने सात हजार तीन सय ४४ मत मात्र प्राप्त गरे । कूल ९५ हजार तीन सय ४४ मतदाता रहेको सो क्षेत्रमा गत आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ६४ हजार पाँच सय ६० मत खसेको थियो ।

को हुन् डा सिके राउत ?

जनमत पार्टीका अध्यक्ष राउत सप्तरीको महदेवा गाउँपालिकाका स्थायी बासिन्दा हुन् । संयुक्त राज्य अमेरिकाबाट नासाको वैज्ञानिक पेसा छाडेर एक दशकअघि उनी नेपाली राजनीतिमा प्रवेश गरेका हुन् ।

बेलायतको क्याम्ब्रिज युनिभर्सिटिबाट विद्यावारिधि गरेका ४३ वर्षीय डा.राउत अमेरिकामा बसेर काम गर्दै आएका थिए ।

राजनीति गर्ने उद्देश्यले सन् २०११ मा नेपाल फर्किएका डा.राउत 'स्वतन्त्र मधेस' स्वराजको अभियान बोकेर देशव्यापी संगठन निर्माणमा जुटेका थिए ।

स्वतन्त्र मधेस गठबन्धन नामक पार्टी स्थापना गरेर छ वर्ष लामो अभियान चलाएका डा.राउत सो क्रममा पटकपटक राज्य विप्लवको मुद्दामा पक्राउ परेर जेलसमेत परे । गत २०७५ साल फागुन २४ मा केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारसँग ११ बुँदे सहमति गरेर मूलधारको राजनीतिमा उनी सहभागी भए ।

त्यसपश्चात् उनले स्वतन्त्र मधेस गठबन्धन पार्टी विघटन गरी जनमत पार्टी गठन गरे । निरन्तर संगठन विस्तारमा जुटेका डा.राउत संगठनकै बलमा चुनावी मैदानमा उत्रिए । डा.राउत नेतृत्व जनमत पार्टी नेपाली राजनीतिमा यतिबेला नयाँ शक्तिको रुपमा उदाएको देखिन्छ ।

सप्तरीको क्षेत्र नम्बर २ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य तथा जनमत पार्टीका अध्यक्ष डा.राउतले शिक्षा, स्वास्थ्य, रोजगारी र कृषि क्षेत्रको विकास नै आफ्नो प्रमुख लक्ष्य भएको बताएका छन् ।

राजविराजस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचित भएको प्रमाणपत्र प्राप्त गरेपछि सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै डा.राउतले आफ्नो पहिलो एजेण्डा नै शिक्षा, स्वास्थ्य, रोजगारी र किसानको समस्या समाधान गर्नुरहेको बताए ।

'मलाई सप्तरीका जनताले यी एजेण्डामा काम गर्नकै लागि जनादेश दिएका छन्', उनले भने, 'जनताको विश्वास र भरोसालाई टुट्न दिन्न्, जनादेशलाई शिरमा राखेर काम गर्ने छु ।' आफ्नो पहिलो कार्य योजना नै सरकारी सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउने रहेको उनको भनाइ थियो ।

सप्तरीलाई सतप्रतिशत शिक्षित जिल्ला बनाउनु, विकराल रहेको कुपोषणलगायतका स्वास्थ्य समस्यालाई समाधान गर्दै सतप्रतिशत जनताको स्वास्थ्यमा सहज पहुँच पुर्‍याउनु, हरेक परिवारलाई रोजगारीसँग जोड्नु र किसानलाई सहजरुपमा मलखाद्य, बीउबिजन र सिँचाइको व्यवस्था गर्नु आफ्नो एजेण्डा रहेको डा.राउतले सुनाए ।

राजनीतिक संस्कृतिको विकास गर्न जनताले आफूमाथि भरोसा गरेर जिताएको उल्लेख गर्दै डा.राउतले आफूलाई मतदान गरेर विजयी बनाएका मतदातालाई धन्यवादसमेत ज्ञापन गरे ।

# सोविताको संसदीय यात्रा



**काठमाडौं/मस–** पत्रकारिता र कानूनको पृष्ठभूमि भएकी सोविता गौतम काठमाडौं क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा नयाँ अनुहारका रूपमा संघीय संसद्मा प्रवेश गर्दै छिन् ।

लामो राजनीतिक पृष्ठभूमि भएका आफना ठूला कदका प्रतिस्पर्धीलाई पछि पारेर स्थायी घर दोखलाको जफे भई हाल भक्तपुर बस्ने २७ वर्षीया गौतम यस पटकको निर्वाचनबाट संसदीय यात्रामा प्रवेश गर्न लागेकी हुन् ।

केही समयअघि मात्रै गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट राजधानी काठमाडौंकै निर्वाचन क्षेत्रबाट पहिलो प्रयासमा नै उनी प्रतिनिधिसभा सदस्य बनेकी छन् । गौतमले यो निर्वाचनमा पूर्वसभामुख तथा नेकपा (माओवादी केन्द्र) का उम्मेदवार ओनसरी घर्तीमगरलाई फराकिलो मतान्तरले पराजित गरिन् ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्य गौतमले नागरिकको आधार भूत आवश्यकता पूरा गर्दै भ्रष्टाचार न्यूनीकरण गर्न आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाइन् । विजयपछि मतदातालाई धन्यवाद दिँदै उनले निर्वाचनका दौरानमा उठाएका जनताको मुद्दालाई सदनमा निरन्तर झकझक्याइरहने विश्वास व्यक्त गरिन् ।

एक प्रश्नको जवाफमा गौतमले संवैधानिक समाजवादलाई स्वीकार्दै विद्यमान प्रदेशसभा अलि भद्दा भएकाले पार्टीले प्रदेशसभामा उम्मेदवार नउठाएको प्रतिक्रिया दिइन् ।

# चिकित्सा शिक्षा अध्ययनरत विद्यार्थी आन्दोलित

**काठमाडौं/मस–** परीक्षा शुल्क बढाएको विरोधमा चिकित्सा शिक्षा अध्ययनरत विद्यार्थीहरू आन्दोलित भएका छन् । मनमोहन मेडिकल कलेज, लिटिल एन्जल कलेज, निष्ट मेडिकल कलेज लगायतका कलेजले परीक्षा शुल्क बढाएको विरोधमा विद्यार्थीहरू आन्दोलित बनेका हुन् ।

चिकित्सा शास्त्र अध्ययन संस्थान (आईओएम) ले विभिन्न तहका परीक्षाको शुल्क बढाएको भन्दै उनीहरूले आन्दोलन थालेका हुन् । यसअघि नियमिततर्फ पुनः परीक्षाको परीक्षा शुल्क २ हजार ५०० लिने गरिएको थियो । आईओएमले पुनः परीक्षा (सप्लिमेन्ट्री) को शुल्क पूर्व जानकारीबिनै ११ हजार ५०० पुर्‍याएको विद्यार्थीहरूको आरोप छ । आईओएमले कुनै जानकारीबिनै शुल्क बढाएपछि चिकित्सा शिक्षा संघर्ष अभियानको संयोजनमा आन्दोलन थालिएको हो ।



अभियानमा महासचिव सौगात पाण्डेले परीक्षा शुल्क बढाएको विरोधमा डीनको कार्यालय अगाडि धर्ना दिन थालिएको बताए । आफूहरूले शुल्क नबढाउन डीनको कार्यालयलाई जानकारी गराउँदै गराउँदै मागको बेवास्ता गर्दै शुल्क बढाएको उनको आरोप छ ।

शुल्क बढाएको विरोधमा विद्यार्थीहरूले आन्दोलन थालेपछि डीनको कार्यालयले शुल्क नबढाएको प्रष्ट पारेको छ । कात्तिक ३० गते डीनको अध्यक्षतामा बसेको सम्बन्धन प्राप्त कलेजहरूका प्रतिनिधिसँगको बैठकले स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूको परीक्षा फारम शुल्क २ हजार ५०० नै यथावत राख्ने निर्णय गरेको थियो ।

त्यस्तै विद्यार्थीहरूको पुनः परीक्षा शुल्क सम्बन्धमा डीनको कार्यालयको २० माघ २०७८ मा गरेको निर्णयलाई कलेज तथा डीन कार्यालयले कार्यान्वयन गर्ने र कलेजहरूले परीक्षा शुल्क काटेको रकमबाट सम्पूर्ण खर्च कलेजले नै ब्यहोरेर सञ्चालन गर्ने निर्णय गरेको थियो । आगामी दिनमा डीन कार्यालय र कलेजहरूले वैज्ञानिक रूपमा परीक्षा शुल्क अध्ययन गरी सो बढाउन/घटाउनुपर्ने भएमा छलफल गरी आगामी बैठकमा निर्णय गर्ने निर्णय गरेको थियो ।

डीनको कार्यालयले जारी गरेको उक्त सूचनाले स्पष्ट जानकारी प्रदान नगरी विद्यार्थीको आवाजलाई मत्थर पार्ने काम भएको विद्यार्थीहरूको आरोप छ ।

**भूल सुधार**

मिति २०७९/०८/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शिर्षक, पूर्व स्वीकृत मिति: २०७९/०८/०६, चलानी नं.: ६०१९१६१७ र LT. No.: 275998 को विज्ञापनमा कम्पनीको नाम TRIJOY ENTERPRISE SDN BHD हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.
जि.पि.ओ.बक्स: २२९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५४५५८७३,
Email:info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०७९/०८/०८)**

यस कार्यालयबाट मिति २०७९/०६/०७ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ ।

तपशिल

| खरिद नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रकम भ्याट सहित |
|---|---|---|---|
| BANKE/KOMUN/G/NCB-03/079/080 | Procurement of Medicine and Surgical Items for Kohalpur Municipality, Banke. | Srijana Medicine Suppliers Nepalgunj, Banke | 15,71,907.50 |

प्रमुख प्रशासकीय अधिकृत

**Croatia मा रोजगार** | कम्पनी: EXPRESS KADROVI D.O.O.
शहर: Croatia,Durdevac

पूर्व स्वीकृत मिति: २०७९/०२/१२ | चलानी नं.: ६०१७९८४२ | LT. No.: 263722 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 49 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ८५,७८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Helper | 32 | 0 | | 650 | ८५,७८१ | | | | | | | |
| 3. | Cooks | 50 | 0 | | 600 | ७९,१८२ | | | | | | | |
| 4. | Housekeeping Cleaner/cleaner | 0 | 104 | | 600 | ७९,१८२ | | | | | | | |
| 5. | Mason | 30 | 0 | | 650 | ८५,७८१ | | | | | | | |
| 6. | Welder | 40 | 0 | | 650 | ८५,७८१ | | | | | | | |

यसै कम्पनीको लागि अत्याधिक मात्रामा महिलाहरूका माग भएकाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १५ देखि २४ गते (1 to 10 Dec. 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUNERA NEPAL INCORPORATED PVT. LTD.
Govt. Lic No.: 367/059/060
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 01-5908135, 9810629726, 9851034469 & 9851002973
Email ID: suneranepal00@gmail.com, Website: www.suneranepal.com

**मलेसियामा रोजगार** | कम्पनी : MILLENIUM TULIPS SDN BHD
शहर : Malaysia,Melaka

पूर्व स्वीकृत मिति: २०७९/०८/०७ | चलानी नं.: ६०१९१८५५ | LT. No.: 276049

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : MEGABOX INDUSTRIES SDN. BHD. | शहर : Malaysia,Melaka
पूर्व स्वीकृत मिति: २०७९/०५/२१ | चलानी नं.: ६०१८७०७२ | LT. No.: 271134 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : LIAN MONG INTERNATIONAL SDN.BHD. | शहर : JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०५/०७ | चलानी नं.: ६०१८५९५४ | LT. No.: 270091 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nursery Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : CL TAN FURNITURE SDN. BHD. | शहर : MAUR
पूर्व स्वीकृत मिति: २०७९/०४/२९ | चलानी नं.: ६०१८५३३४ | LT. No.: 269451 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 21 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

FREE VISA, FREE TICKET & ZECO COST RECRUITMENT IN MALAYSIA
कम्पनी : TATAWA INDUSTRIES (M) SDN.BHD. | शहर : JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०८/०७ | चलानी नं.: ६०१९१८५६ | LT. No.: 276048

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 45 | 5 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : SYNERGY WOOD PRODUCTS SDN BHD | शहर : JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ | चलानी नं.: ६०१८२७३७ | LT. No.: 266908 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १५ गते (1 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

मध्यान्ह
www.madhyanhadaily.com
८ मंसिर २०७९, बिहीबार
24 November 2022, Thursday

## सम्पादकीय

# नयाँलाई चुनौती

यो चुनावबाट राजधानी उपत्यका सहित शहरी क्षेत्रमा नयाँ जनादेश आएको छ, नयाँ दलको अनुमोदन । राजधानी उपत्यकामा त भर्खरै खुलेको राष्ट्रिय स्वतन्त्र पार्टीले १५ मध्ये ५ सिट जित्ने देखिएको छ । काठमाडौंमा चार र ललितपुरमा घण्टी चिन्ह लिएर उठेका उक्त पार्टीका उम्मेद्वारले ठूला दलहरूविरूद्ध जित निकाल्दैछन् । समानुपातिक तर्फ पनि राजधानीमा यो पार्टी सवैभन्दा ठूलो दल बन्ने संभावना छ । राजधानी बाहेक चितवन–१ र २, सुनसरी–२ मा पनि यो पार्टीको अग्रता छ । अन्य निर्वाचन क्षेत्रमा पनि उत्साहजनक मत पाएको छ । स्थानीय चुनावमा राजधानी काठमाडौं, धरान उपमहानगर, धनगढी उपमहानगरमा स्वतन्त्र उम्मेद्वारले जितेपछि देखिएको उत्साहकै जगमा यो पार्टी खुलेको थियो ।

रवि लामिछाने नेतृत्वको यो पार्टीले समानुपातिकतर्फ तेस्रो स्थानमा मत पाइरहेको छ । प्रत्यक्षमा माओवादी केन्द्रले तेस्रो स्थान लिइरहेपनि समानुपातिकमा घण्टीले उछिनिरहेको छ । यदि यही निरन्तरता अन्तिम हुने भयो भने लामिछाने नेतृत्वको पार्टी राष्ट्रिय राजनीतिमै निर्णायक हुने संभावना छ । राप्रपाले पनि यसपटक उत्साहजनक मत पाइरहेको छ । प्रत्यक्षतर्फ एक सिट जितिसकेको राप्रपाले पाँच क्षेत्रमा अग्रता बनाइरहेको छ । समानुपातिकमा पनि राम्रै मत पाइरहेकाले यो पार्टीको पनि उपस्थिति राम्रै हुने देखिन्छ । यसको प्रभाव भने नेपाली कांग्रेस, नेकपा एमाले जस्ता ठूला दलमा परेको छ । कुनैपनि दलले बहुमत नल्याउने देखिन्छ ।

यसको अर्थ चुनावी जनादेश बमोजिम राजनीतिमा नयाँ शक्तिको उदय भएको छ । सानै संख्यामा भएपनि यो शक्तिलाई दलहरूले नजरअन्दाज गरेर अगाडि बढ्ने अवस्था देखिदैन । यसको बिपरीत यो नयाँ शक्तिको दायित्व र कार्यभार पनि धेरै हुनेछ । मुलुकको राजनीतिलाई सही दिशामा लैजान र जनभावना बमोजिम आफूलाई प्रस्तुत गर्नुपर्नेछ । यदि त्यसो हुन नसकेमा नयाँ पार्टीसँगै फेरि एकपटक जनता निराश हुनेछन् । त्यसैले नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई सधैं जनताका भावनामा खरो उत्रनुपर्नेछ । ठूला दलहरूले जस्तो गल्ती गरेका छन्, त्यो गल्ती दोहोऱ्याउने छुट छैन । विशेषगरी यो पार्टीका नेताहरूले व्यक्तिगत आँचरणलाई ध्यान दिनुपर्नेछ । किनकि पुराना दलका नेताहरूकै व्यक्तिगत कमजोरीलाई लिएर यो पार्टीले प्रचार सामग्री बनाएका थिए ।

# निर्वाचनले दिएको सन्देश

*अहिलेकै तरिकाले राज्य सञ्चालन हुन सक्दैन, अब कामको शैली परिवर्तन गर्नै पर्दछ । सबै निर्वाचित सांसदहरुले यो सन्देश बुझ्न सकुन् । लोकतन्त्रको भविष्य यसैमा निर्भर छ ।*

अग्रलेख



● विपुल पोखेल

अहिले प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको मत परिणाम आइरहेको छ । मत परिणामलाई लिएर विभिन्न टिप्पणी र अनुमानहरु गर्न थालिएको छ । यो निर्वाचनमा नागरिकको नैराश्यता मतपेटिकामा प्रस्तुत हुने अनुमान निर्वाचनपूर्व नै धेरैले गरेका थिए । यही अपेक्षालाई आधार मानेर केही नयाँ पार्टीहरु पनि जन्मिए भने स्वतन्त्ररूपमा पनि थुप्रै उम्मेदवारहरुले प्रतिस्पर्धा गरे । परिणामले मतदानपूर्व गरिएको अनुमानलाई केही हदसम्म सत्य साबित गरिदिएको छ ।

निर्वाचनलाई वैधानिक ढंगबाट परिवर्तन गर्ने एउटा माध्यमका रूपमा पनि लिइन्छ । परिवर्तनको अपेक्षा गर्नु मानवीय गुण नै हो । हरेक निर्वाचन होस् वा क्रान्तिहरुले सधैं परिवर्तनको अपेक्षा गरेका हुन्छन् र त्यस्तो अपेक्षा गर्न नागरिकलाई प्रेरित पनि गरिरहेका हुन्छन् । सधैं परिवर्तनको अपेक्षा गरिरहेका नागरिकले निर्वाचनका समयमा यस्तो अपेक्षा गर्नुलाई स्वाभाविकरूपमा ग्रहण गर्नु पनि पर्दछ । परिवर्तनका लागि हिंसा वा हड्तालको बाटो पकड्नुभन्दा मतपेटिकाको उपयोग गर्ने चेतनाको विकास हुनु आफैंमा सकारात्मक कुरा हो ।

नेपाली समाज अब मतपेटिकामार्फत नै क्रान्ति हुन्छ भनेर विश्वास गर्ने तहमा पुगेको छ भनेर विश्लेषण गर्ने आधार पनि यो चुनावले दिएको छ । युवाहरु टायर बाल्ने र सडक बन्द गर्ने अभ्यासलाई अस्वीकार गर्दै लोकतान्त्रिक विधिबाट परिवर्तनको पक्षमा उभिनुपर्छ भन्ने मान्यता राख्दछन् भन्ने सन्देश यो चुनावमार्फत प्रकट र स्थापितसमेत भएको छ ।

यो चुनावले दिएका यी कुराहरु अत्यन्तै सकारात्मक पक्ष हुन् । लोकतन्त्रको सबलताका लागि पनि यी पक्षहरुले योगदान दिनेछन् । त्यति मात्रै हैन, निरन्तर लोकतान्त्रिक अभ्यास हुँदै गर्दा कैयौँ यस्ता नागरिक भावनाहरुलाई सम्बोधन गर्न सक्छ भन्ने कुरा पनि स्थापित भएको छ । निरन्तरको निर्वाचनलाई अपेक्षाअनुसारको परिवर्तनका रूपमा उपयोग गर्न सकिन्छ नै । यति मात्रै होइन, यो चुनावले अन्य महत्वपूर्ण सन्देशहरु पनि दिएको छ । परम्परागत शक्तिलाई आफ्नो कार्यशैली परिवर्तन गर्न चेतावनी नै दिएको छ । उम्मेदवार छनोटको निश्चित विधि बनाउन बाध्य हुन सिकाएको छ । राजनीतिमा दलाल वर्गको उपस्थितिलाई निरुत्साहित गर्न चुनौती दिएको छ । पैसा र बलको राजनीतिक अभ्यासलाई अस्वीकार गर्न अपिल गरेको छ । इतिहासको मात्र होइन, सम्भावना र योग्यताको कदर गर्ने कुरालाई प्राथमिकतामा राख्न भनेको छ । समग्रमा सुशासनको छाताभित्र बसेर राजनीतिक कर्म गर भन्ने आक्रामक अभिव्यक्ति पनि चुनावले दिएको छ ।

यो चुनावमार्फत मतपत्रहरुमा व्यक्त भाव भनेकै सुशासनतर्फ प्रतिबद्ध बन भन्ने नै हो । सुशासनको अवस्थामा सुधार आउन नसकेकै कारण राजनीतिप्रति नागरिकको नैराश्यता र उदासिनता चुलिँदै गएको हो । खासगरी सहरी क्षेत्रहरुमा मतदाताले त्यो भावना अभिव्यक्त पनि गरेका छन् । चुनावमा मत प्रतिशत कम हुनु, मतदानका क्रममा उत्साह पनि खासै नदेखिनु पनि नैराश्यता प्रदर्शनकै एउटा तरिका थियो । दललाई मत हाल्ने समानुपातिक निर्वाचनको मतपत्रमा समेत फरक चुनाव चिन्न खोज्नेको संख्या ठूलो देखियो । यो पनि परम्परागत शक्तिहरुसँगको एउटा विद्रोह हो ।

राजनीतिमा नागरिकहरु अझ त्यसमा पनि युवाको चासो बढेन, अग्रसरता देखिएन र आवश्यक परेमा हस्तक्षेपकारी भूमिकामा उभिन सकेनन् भने त्यो राजनीति एउटा निश्चित वर्गमा सीमित हुन्छ र वैयक्तिक वा समूहगत स्वार्थ पूर्तिको माध्यम मात्र बन्छ । यो अवस्थामा लोकतान्त्रिक शक्तिहरु पनि क्रमशः कुलीनतन्त्रको अभ्यासमा अभ्यस्त हुँदै जान्छन् । नेपाली राजनीतिमा देखिएको एउटा खतरा यो पनि थियो । युवाको हुँकारसहितको चासो र उपस्थितिले त्यस्तो अभ्यास गर्नबाट रोक्न सक्छ । यो चुनावमा युवाहरुको हुँकार पनि सही सुनिएको छ । अब संसद्मा र नीति निर्माणका अन्य संरचनाहरुमा पनि ठूलो स्वरमा



त्यो हुँकार सुनाउन सक्ने 'ग्राउन्ड' यो निर्वाचनले तय गरिदिएको छ ।

